# *शिवम सिमेन्ट्स लिमिटेडको*

# *सातौं वार्षिक साधारण सभा (आ. व. २०७८।०७९) को*

# *काम कारवाहीको विवरण (माइन्यूट)*

*१. **सभाको प्रारम्भ:** कम्पनी संचालक समितिको मितिः २०७९।०८।२८ गते बसेको १०८ औं बैठकको निर्णय बमोजिम आज बोलाइएको सातौ बार्षिक साधारण सभा कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम यस शिवम सिमेन्ट्स लिमिटेडका सञ्चालक समितिका कार्यकारी अध्यक्ष श्री सुरेन्द्र कुमार गोयलको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो :*

***२.. सभाको मिति, स्थान र समय :***

मितिः २०७९ साल पौष २९ गते, शुक्रबार (१३ जनवरी २०२३)

स्थान : सामाना होटल, हेटौंडा उपमहानगरपालिका, बैंकरोड, मकवानपुर ।

समयः विहान १० : ०० बजे ।

**३. सभाको सूचनाः**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभाको सूचना तथा आ. व. २०७८।०७९ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरु समेत शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मितिः **२०७९।०९।०४ गतेको आर्थिक राष्ट्रिय दैनिक र मितिः २०७९।०९।०७ गतेको शौर्य राष्ट्रिय दैनिक** पत्रिकामा सभा हुने स्थान, समय र छलफल हुने विषयको सूचि सहितको सूचना शेयरधनी महानुभावहरुमा जानकारीका लागि प्रकाशित गरिएको थियो ।

४. **छलफलको विषय तथा प्रस्तावहरु :**

*(१).कम्पनी सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ. व.२०७८।०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।*

*(२). लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मशान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७८।०७९ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले. प. सम्बन्धि अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।*

*(३). कम्पनीको आ. व. २०७९।०८० को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।*

*(४). कम्पनीमा कायम शेयरधनीहरुलाई आ. व. २०७८।०७९ को मुनाफा रकमबाट चुक्ता पूँजी रु. ४,४०,००,००,०००। (चार अरब चालिस करोड मात्र) को १० . ५३ (दश दशमलव पाँच तिन) प्रतिशतका दरले हुन आउने रकम रु. ४६,३३,२०,०००। (छयालिस करोड तेत्तिस लाख बिस हजार मात्र) नगद लाभाँस ( लाभाँसमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।*

*(५). कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्था तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोवार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।*

*(६). आगामी ४ बर्षे कार्यकालका लागि (कम्तिमा एकजना महिला सहित) ५ पाँच जना सञ्चालकहरुको निर्वाचन गरी सञ्चालक समिति गठन गर्ने*

***(७). विविध ।***

*(क). कम्पनी सञ्चालक समितिको मितिः २०७९।९।२५ मा बसेको १११ औं बैठकको निर्णयले श्री चन्द्र कुमार घिमिरे, सुनसरीलाई स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक पदमा नियुक्ति गरी सभा समक्ष नियुक्तीको अनुमोदन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।*

***५. उपस्थितीः** **(क). सञ्चालकहरुः***

*(१) श्री सुरेन्द्र कुमार गोयल — कार्यकारी अध्यक्ष*

*(२). श्री रघुनन्दन मारु — कार्यकारी सञ्चालक*

*(३). श्री रोहित गुप्ता — सञ्चालक*

*(४). श्री अलका गोयल — सञ्चालक*

*(५). श्री गौरव शारडा — सञ्चालक*

***(ख). अन्य पदाधिकारी तथा महानुभावहरुको उपस्थिति :***

*(१). श्री अमित मोर — पूर्व सञ्चालक*

*(२). श्री विश्वनाथ गोयल — सहायक कम्पनीका पूर्व सञ्चालक अध्यक्ष*

*(३). श्री चन्द्र कुमार घिमिरे — स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक पदमा अनुमोदनका लागि प्रस्तावित*

*(४). श्री लेखनाथ अर्याल — कम्पनी सचिव*

*(५). श्री नवल किशोर चौधरी — महाप्रबन्धक (उत्पादन)*

*(६). श्री ज्योति थापा — वित्त तथा लेखा प्रमुख प्रमुख*

*(७). श्री रामजी प्रसाद चौधरी     माइन्स विभाग प्रमुख*

*(८). श्री निखिल अग्रवाल     सेल्स एण्ड मार्केटिँग विभाग प्रमुख*

***(घ). शेयरधनीहरुको उपस्थिति:***

*जम्मा उपस्थित सख्या: ६२ जना*

***६. गणपुरक संख्या :***

| ***विवरण*** | ***कुल शेयरधनी संख्या*** | ***जम्मा उपस्थिति संख्या*** | ***कूल शेयरको प्रतिनिधित्व*** |
|---|---|---|---|
| *शेयर धनीहरुको संख्या* | *५१४३४ जना ।* | *६२ जना* | *७५ · ७० % (पचहत्तर दशमलव सात शून्य) प्रतिशत ।* |
| *शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता* | *४,४०,००,०००* | *३,३३,०९,३५६* | |

***७. सभाको बैधानिकता र सभाको अध्यक्षता:***

*(क). कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाइएकोमा नियमावलीको नियम नं २३ अनुसार साधारण सभाको गणपुरक संख्या वाँडफाँड भएको कूल शेयर संख्याको ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ७ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरु स्वयम् र प्रतिनिधी (प्रोक्सी) समेतको संख्या ६२ जना भएको र कूल शेयरको ७५ · ७० (पचहत्तर दशमलव सात शून्य) प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक सँख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको सभालाई जानकारी गराउनु भएको ।*

*(ख). कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो र तत्पश्चात् उपस्थित सञ्चालकहरु, शेयरधनी एवं पूर्व सञ्चालकहरु, सहायक कम्पनीका पूर्व सञ्चालक, लेखापरीक्षक, संचालकको निर्वाचन सम्पन्न गर्न नियुक्त भएका निर्वाचन अधिकृत, महाप्रबन्धक विभागीय प्रमुखको जिम्मेवारीमा रहनु भएका अधिकृतहरुको परिचय गराँउदै आसन ग्रहण गर्न उहाँहरुलाई अनुरोध गरी सभाको कार्य अगाडी बढाउनु भयो ।*

*(ग). कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराँउदै कम्पनीको सातौं वार्षिक साधारण सभा शुरु गर्न अध्यक्ष श्री सुरेन्द्र कुमार गोयललाई कम्पनी सचिवले अनुरोध गर्नु भयो ।*

**८. आ. व. २०७८।०७९ को वार्षिक प्रतिवेदनको प्रस्तुती :**

सभाका अध्यक्षले औपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नु भयो र पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ. व. २०७८।०७९ को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ. व. २०७८।०७९ को हालसम्मको संक्षिप्त प्रगति विवरण अध्यक्षले साधारण सभामा आफ्नो मन्तव्य सहित पढेर सुनाउनु भयो ।

**९. छलफलको लागि आव्हान र सहभागि शेयरधनी महानुभवहरु :**

**(क).** तत्पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीको आ. व. २०७८।०७९ को सञ्चालक समितिको प्रतिवेदन, २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०७८।०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषय माथि आ आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न, राय, सुझाव, टिप्पणी भए मौखिक तथा लिखित जानकारी गराउन शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा सहभागि भई देहाय अनुसारको प्रश्न तथा राय सुझावहरु व्यक्त गर्नु भयो ।

**(ख). छलफलमा सहभागि हुने शेयरधनी महानुभावहरुको नाम :**

(१). श्री मनिष भट्राई

(२). श्री अर्जुन पन्त

(३). श्री उत्तम भ्लोन

(४). श्री शिव प्रसाद पौडेल

**१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश:**

कम्पनीका चुनढुंगाा खानीहरुको अवस्था र कति अवधिलाई पुग्ने खनिज रहेकोछ भनी जिज्ञासा राख्नुका साथै हाल बजारमा निर्माण सामाग्रीहरु मध्ये सिमेन्टको उत्पादन लागत बृद्धि हुदै गएता पनि मागको तुलनामा नेपालमा सिमेन्टको उत्पादन अत्याधिक रहेका कारण प्राइसवार भएको देखिन्छ , यस तर्फ सिमेन्ट उत्पादक संघले प्रभावकारी भूमिका निर्वाह गर्नु पर्‍यो । बैंकको व्याजदर बृद्धि भएको अवस्थामा सिमेन्ट उद्योगका लागि एक डिजिजमा व्याज रहनु पर्दछ भनी नेपाल सरकार, अर्थ मन्त्रालयसंग पहल कदमी लिन सबै सिमेन्ट उद्योगी व्यवसायी एकजुट हुन भूमिका खेल्न आग्रह गर्दै सिमेन्टको माग घट्नु, उत्पादन लागत अभिवृद्धि हुनु सेल्स केहि मात्रामा घट्दा पनि ६९ करोड नाफा गर्न सफल हुनु र १० . ५३ प्रतिशत नगद लाभाँस वितरण गर्ने प्रस्ताव आउनु सकारात्मक छ । शेयरवाला लगानीकर्तालाई नगदका अतिरिक्त वोनस शेयर समेत दिनु भएको भए राम्रो हुने थियो । आगामी बर्ष वोनस शेयर वितरण हुने छ भन्ने अपेक्षा गरेका छौं । कम्पनीको प्रशासनिक खर्च  घटेको देखिन्छ, खर्चहरु घट्नु राम्रो पक्ष हो । शिवम् सिमेन्टको सहायक कम्पनी मार्फत होङशी शिवम् सिमेन्ट प्रा. लि.को अवस्था के कस्तो छ । के कति केहिलेबाट लाभाँस प्राप्त गर्दछ भनी जिज्ञाशा राख्नुका साथै त्यस कम्पनीको वित्तिय अवस्थाको जानकारी माग गर्नु भयो । कम्पनीको उद्योगस्थल रहेको हेटौंडामा पहिलो पटक बार्षिक साधारण सभा आयोजना गरि जिल्ला वासी स्थानीय वासिन्दा शेयरधनीहरुलाई समेत साधारण

सभामा उपस्थित भई कम्पनीको हालको आर्थिक एवं वित्तिय अवस्थाको समग्र जानकारी पाउने अवसर प्रदान गर्नु भएकोमा धन्यवाद । अब एक बर्ष काठमाडौ र अर्को बर्ष हेटौंडामा साधारण सभा गर्नु राम्रो हुन्छ भनी सुझाव दिनुका साथै कम्पनीले आउदो बर्ष अशौज कार्तिकमा साधारण सभा आयोजना गर्ने व्यवस्था मिलाउन अनुरोध गर्नुका साथै शिवम् सिमेन्टको गुणस्तर उच्चस्तरको छ । ब्राण्ड एम्बेसडर नियुक्त गरी विज्ञापन गर्दा अझ राम्रो हुने थियो भनी सुझाव दिनुका साथै कम्पनीको समिक्षा अवधिको विक्री र मुनाफामा केहि ह्रास भएको भएता पनि अन्य अवस्था मजवुद र सकारात्मक रहेको, । खर्च घटाउन सकिएको खण्डमा थप मुनाफामा बृद्धि हुने अवस्था रहेको, कम्पनीको उत्पादनको गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने प्रतिवद्धता अनुसार संधै Quality मा ध्यान दिनु पर्ने सुझाव राख्नु भयो । कम्पनीले संस्थागत उत्तरदायित्व अन्तरगत गर्नु पर्ने खर्चहरु शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, बृक्षारोपण, भूक्ष्य नियन्त्रणका विषयहरुमा खर्च गर्दा उद्योगस्थल र खानी रहेको क्षेत्र मकवानपुरमा अधिकाँश खर्च गर्नु पर्दछ भन्ने सुझाव दिनुका साथै स्थानीय शेयरधनीलाई पनि संचालक पदमा निर्वाचित गर्नु उद्योगका लागि थप फाईदा पुग्न सक्दछ भनी अनुरोध भयो । शिवम् सिमेन्टले गत बर्ष अर्थात आ. व. २०७७०७८ को मुनाफा २९ प्रतिशत लाभाँस वितरण गरेको विषयलाई ध्यानमा राखेर त्यसलाई बेन्चमार्क मानेर हिड्नु पर्दछ । आज संचालकहरुको समेत निर्वाचन भएकोले कम्पनीलाई उद्येश्य अनुसार मुनाफा आर्जन गरी धेरै भन्दा धेरै लाभाँस दिन सक्ने संचालक समिति बनोस भन्ने शुभकामना दिनु भयो ।

कम्पनीले आफ्नो व्यवसायिक विस्तारलाई ध्यानमा दिई अन्य क्षेत्रहरुमा थप उद्योगहरु समेत स्थापना गरी बजार हिस्सा बृद्धि गर्दै शिवम् सिमेन्टको सन्जाल विस्तार गर्न ध्यानाकर्षण सहित सातौं बार्षिक साधारण सभा सफल होस भनी शुभकामना व्यक्त गर्नु भयो । कम्पनीले सम्बद्ध संस्थासंग गरेको कारोवार विवरणलाई समेत वार्षिक प्रतिवेदनमा उल्लेख गरी साधारण सभामा छलफल गर्ने प्रस्ताव राख्नु पारदर्शिताको विषय रहेको प्रमुख कार्यकारी मार्फत पव्लिक लिमिटेड कम्पनीको संचालन हुंदा उपयुक्त हुने लगायतका विषयहरु राख्दै साधारण सभा सफलतापूर्वक सम्पन्न होस भन्ने शुभकामना समेत व्यक्त गर्नु भयो ।

**११. सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको जवाफ :**

शेयरधनी महानुभावहरुले आफ्नो कार्य व्यस्तताको वावजुद पनि कम्पनी संचालक समितिको तर्फबाट सभा समक्ष प्रस्तुत बार्षिक प्रतिवेदन वित्तीय विवरण लगायतको कार्यसम्पादनको सूक्ष्म अध्ययन गरेर साधारण सभामा व्यक्त गर्नु भएका आ. आफ्नो धारणा ,राय सुझावहरुका लागि अध्यक्षले आभार व्यक्त गर्दै सभामा राखिएका जिज्ञाशा तथा प्रश्नहरुका सम्बन्धमा देहाय बमोजिम उत्तर दिनु भयो :

शेयरधनी महानुभावहरुका सुझावहरुलाई आत्मसाथ गरी कम्पनीलाई अगाडी बढाउनुका साथै अधिकतम प्रतिफल दिन सकिने गरी कार्य गर्ने लक्ष्यका साथ अगाडी बढ्ने नीति अवलम्बन गरेकोछ । कम्पनीले आफूलाई नेपालको सम्बृद्धि र संरचनाको निर्माणमा आवश्यक पर्ने सिमेन्टको गुणस्तरीय उपलब्धतालाई मध्यनजर गरी उत्पादन, विक्री वितरण र बजार प्रर्वद्धनका कार्यहरु अगाडी बढाउनुका साथै सिमेन्ट भनैकै शिवम हो भन्ने गरी ब्राण्ड स्थापित गर्न प्रयत्न गरिरहेको रहेकोछ । गत बर्ष देखि नै सिमेन्टको नेपाल भरको मार्केटमा प्रभाव परी माग घट्न गएको, रुस युक्रेन युद्धका कारण कोइला, डिजेल, पेटकोक लगायतका सामाग्रीहरुको अन्तराष्ट्रिय बजारमा अत्याधिक मूल्य बृद्धि भएको, बैंक व्याजदर र सटही दर बृद्धिका कारण र बजारमा मागको तुलनामा

*देशभरमा रहेका उद्योगहरुको उत्पादन क्षमता अत्याधिक भएकोले विक्री र नाफा घटेको हो । व्यपारमा कहिले नाफा अलि बढि त कहिले कमि हुनु व्यापरको एक साइकल नै हो । हामी आत्तिनु हुदैन । समग्र विषयलाई ध्यानमा राखेर कम्पनीको हित अनुकुलका नीति रणनीति बनाएर व्यवस्थापन गर्ने गरिएको छ । हाम्रो लगानी रहेको होङ्शी शिवम् सिमेन्टले आ. व. २०७८।०७९ को नाफाबाट ५ प्रतिशत नगद लाभाँस वितरण गर्ने प्रस्ताव पारित गरिसकेको छ भने गत बर्ष अर्थात आ. व. २०७७।०७८ को मुनाफाबाट वितरण गरेको लाभाँस सहायक कम्पनी मार्फत ९ प्रतिशत वोनस शेयर यस बर्ष प्राप्त भै पहिलो त्रैमासमा आम्दानी बाँधेका छौं र प्रकासित विवरणमा समेत उल्लेख छ । उसको आर्थिक अवस्था राम्रो छ । होङशी शिवम् सिमेन्टको संचित कोषमा मात्रै ३ अर्ब ६० करोड भन्दा बढि रकम रहेकोछ । शिवम् सिमेन्ट कम्पनीको समग्र व्यवस्थापन को मूलयाँकन गर्दै आर्थिक अभियानले हालै* Best Managed Company Award - 2022 *बाट पुरस्कृत गरेको छ । हामीले शिवम् सिमेन्टलाई नेपाल कै उत्कृष्ट ब्राण्ड सिमेन्टको उच्च गुणस्तर र सर्भिस समेतका बनाएका आधारमा सफल कम्पनी स्पापित गरेका छौं । उच्च  गुणस्तरको ब्राण्ड स्थापित भएकै कारण हामीले ठूला ठूला परियोजनाहरुमा सिमेन्ट आपूर्ति गर्ने अवसर प्राप्त गरेका छौं जस्तै नागढुंगा सितापाईला सुरुँग मार्ग, तनँहु जलविद्युत प्रोजेक्ट, फाष्ट ट्रयाक, नारायणगढ बुटवल सडक विस्तार परियोजना, सर्वोच्च अदालतका भवन लगायतका ठूला ठूला सरकारी एवं गैरसरकारी परियोजना, स्कूलका भवनहरु, अस्पताल, पुल, नहर निजी तथा आवासिय घर भवनहरुका लागि सिमेन्ट विक्री गरी आपूर्ति भई रहनुका साथै अग्रणी ब्राण्डको रुपमा रहेको छ । शिवम् सिमेन्टलाई कम्पनीले उच्चस्तरको गुणस्तरीयता कायम गर्न कम्पनी लागि परेका कारणले गर्दा नै नेपाल सरकार, नेपाल गुणस्तर तथा नापतौल विभागबाट* NS Qualaity Award – 2019 *को प्रथम पुरस्कार प्राप्त गर्न सफल भएका थियौं । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगतका खर्चहरु मध्ये अधिकाँश रकम उद्योग क्षेत्र र खानी क्षेत्र समेत रहेको मकवानपुरका विभिन्न स्थानहरुमा शिक्षा, स्वास्थ्य, खानेपानी सडक सुधार तथा विस्तार, बृक्षारोपण, नदि नियन्त्रण लगायतका विषयमा बढि खर्च गर्ने गरेको छ । उत्पादन लागत लगायतका खर्च घटाउने सम्बन्धमा शेयरधनीहरुको सुझावलाई संधै सम्मान र स्वागत गर्दछौं । कम्पनीले पूँजी वृद्दि गर्ने आवश्यकता परेको अवस्थामा वोनस शेयर जारी गर्न कम्पनीसंग संचित कोष प्रयाप्त मात्रामा रहेको छ ।स्थानीयलाई संचालकमा निर्वाचन गराउने वा नगराउने विषय संचालक समितिको विषय नभएर साधारण सभामा उपस्थित शेयरधनीहरु र निजका प्रतिनिधिको हो । निर्वाचन प्रक्रियामा गएपछि प्रक्रियाले नियमानुसार निर्णय गर्नेछ । यहाँहरुको महत्वपूर्ण सुझावलाई क्रमशः कार्यान्वयन गर्दै कम्पनिको हितमा उपयोग गरिनेछ भन्ने उत्तर समेत दिनु भयो । साथै शेयरधनी महानुभावहरुलाई अपेक्षाकृत लाभाँस दिन सन्चालक समिति र व्यवस्थापन तह प्रयासरत रहनेछ । शिवम् सिमेन्टको विक्रीमा यहाँहरुबाट समेत सहयोगको अपेक्षा गर्दछु । सबै शेयरधनीहरुले शिवम् सिमेन्ट प्रयोग गर्नु भयो भने पनि हाम्रो कारोवारमा बृद्धि हुनेछ भन्दै शेयरधनीहरुबाट प्राप्त भएका राय, सुझावका लागी धन्यवाद सहित उत्तर दिनु भयो ।*

## ***१२. सभाको निर्णयहरुः***

***निर्णय नं.१ :*** *सभामा प्रस्तुत आ. व. २०७८।०७९ को कम्पनी सन्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सर्वसम्मतिबाट पारित गर्‍यो ।*

**निर्णय नं. २** : लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मशान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०७८।०७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु समेत पारित गरियोस भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले वासलात लगायतका सम्पूर्ण वित्तीय विवरणहरु एवं अनुसूचीहरु सर्व सम्मततिबाट पारित गरियो ।

**निर्णय नं. ३** : कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. २०७९।०८० को आय व्ययको लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले श्री सुवोध एशोसियट्स, चार्टड एकाउण्टेण्ट्स काठमाडौंलाई नियुक्ति गर्ने र निजलाई लेखापरीक्षण कार्य गरे वापत रु. १०,००,०००। अक्षेरुपी (दश लाख मात्र) पारिश्रमिक निर्धारण गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**निर्णय नं. ४ :** आ. व. २०७८।०७९ को मुनाफा रकमबाट सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई १० · ५३ (दश दशमलव पाँच तिन) प्रतिशतका दरले हुन आउने ( कर सहित) रु. ४६,३३,२०,०००। (अक्षेरुपी छयालिस करोड तेत्तिस लाख विस हजार) मात्र नगद लाभाँस वितरण गर्ने स्वीकृतिका निमित्त अध्यक्षबाट सभा समक्ष प्रस्ताव गरिएकोमा सभाले सर्व सम्मतीबाट उक्त प्रस्ताव स्वीकृत गर्ने निर्णय पारित गर्‍यो ।

**निर्णय नं. ५ :** कम्पनीले आधारभूत शेयरधनी वा सञ्चालक आवद्ध रहेका संस्था तथा यसै संस्थाका अन्य कम्पनी वा संस्थासंग गरेको सम्लग्न विवरण बमोजिमको कारोवारलाई अनुमोदन वा पारित गर्न भनी अध्यक्षले प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्तावलाई सर्व सम्मतीले अनुमोदन तथा पारित गरी आगामी दिनहरुमा समेत आवश्यकतानुसार कारोवर गर्न सर्वसम्मतीले स्वीकृति दिने निर्णय भयो ।

**सम्बद्ध संस्थासंगको कारोवार विवरण:**

| कम्पनी | कारोवार रकम (मु. अ. कर बाहेक) आ.व. २०७८/०७९ रु. | बस्तु तथा सेवा खरिद विक्री |
|---|---|---|
| मोडर्न ईन्फ्रास्ट्रक्चर प्रा. लि. | रु. ५२,८२,८४,४९५। | चुनढुंगा उत्खनन् तथा ढुवानी कार्य |
| अरविन्द इम्पोरियम प्रा. लि. | रु. २९,७३,६७,०३९। | खरिद |
| होङशी शिवम सिमेन्ट प्रा. लि. | रु. १,५३,७८,३३,६७९।<br>रु. १९,९५,५६,४८०। | खरिद<br>विक्री |
| कन्ट्रक्सन सोलुसन प्रा. लि. | रु. २२,५०,३९९। | खरिद |
| प्रिमियर वायर्स प्रा. लि. | रु. ४,४४,३४७। | ग्खरिद |
| टेक्नो जया ज्वयलर्स प्रा. लि. | रु. ३,९३,५७,९८७। | खरिद |

| | | |
|---|---|---|
| सप्तकोशी सिमेन्ट प्रा. लि. | रु. ९२,०८३।<br>५,५०,२१२। | बिक्री<br>खरिद |
| पशुपति सिन्प्याक प्रा. लि. | रु. ४,७४,६२,९०५। | खरिद |
| लुम्बिनी विद्युत उद्योग प्रा. लि. | रु. ४,४६,०२३। | बिक्री |
| लक्ष्मी लाईम प्रडक्ट्स | रु. ८१,१८,०९०। | बिक्री |
| लक्ष्मी टेक्नोप्लाष्ट प्रा. लि. | रु. ३१८,५८२। | बिक्री |
| टेलि होल्डिङ प्रा. लि. | रु. ६०,००,०००। | खरिद |

***निर्णय नं. ६ :*** आगामी ४ बर्षे कार्यकालका लागि (कम्तिमा एक जना महिला सहित) ५ पाँच जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा संचालक समितिको १०८ औं बैठकको निर्णय बमोजिम नियुक्त हुनु भएका निर्वाचन अधिकृत बरिष्ठ अधिवक्ता श्री शैलनाथ गौतमले निर्वाचन कार्यक्रम प्रकासित गरी उम्मेदवारी दर्ता आह्वान गरे बमोजिम उम्मेदवारी दर्ता गरेका उम्मेदवारहरुका बीचमा भएको निर्वाचन परिणाम अनुसार निर्वाचित देहाय अनुसारका शेयरधनीहरु कम्पनीको आगामी ४ बर्षे कार्यकाकाल लागि संचालक पदमा निर्वाचित हुनु भएको घोषाणा गरी निर्वाचन अधिकृतले सभा समक्ष जानकारी गराउनु भए पश्चात सभाले संचालकहरु निर्वाचित भएको निर्णय सर्वसम्मतीले पारित गऱ्यो । निर्वाचित संचालकहरु देहाय अनुसार रहेका छन :

(क). श्री रोहित गुप्ता, का. म. न. पा. ११, काठमाडौं ।

(ख). श्री गौरव शारडा, विराटनगर म. न. पा. वडा नं. २, मोरँग ।

(ग).श्री रघुनन्दन मारु,, का. म. न. पा. १, काठमाडौं ।

(ङ.). श्री गौरव गोयल का. म. न. पा. ४, काठमाडौं ।

(च). श्री शैलजा राई, गोदावरी, न. पा. , ललितपुर (महिला) ।

***साथै माथि उल्लेखित नव निर्वाचित संचालकहरुको बैठक सभास्थलमा बसि नव निर्वाचित संचालक श्री गौरव गोयलज्यूलाई संचालक अध्यक्ष पदको जिम्मेवारी दिने तथा अर्का नव निर्वाचित संचालक श्री रघुनन्दन मारुज्यूलाई कम्पनीको प्रबन्ध निर्देशकको समेत जिम्मेवारी दिने भनी निर्णय भएकोले सोही अनुसार जिम्मेवारी बाँडफाँड गरी सञ्चालक समिति गठन गर्ने निर्णय सर्वसम्मतीबाट पारित गऱ्यो ।***

***निर्णय नं. ७ :*** विविध प्रस्ताव अन्तरगतका निर्णयहरु निम्न अनुसार रहेका छन ।

*(क).कम्पनी संचालक समितिको मिति २०७९।०९।२५ गते बसेको १११ औं बैठकको निर्णय अनुसार कम्पनीको स्वीकृत नियमावलीको नियम नं. २७ र २९ तथा कम्पनी ऐन २०६३ को दफा ८६ समेत बमोजिम नेपाल सरकारको सचिव (विशिष्ट श्रेणी) पदबाट सेवा निवृत हुनु भएका श्री चन्द्र कुमार घिमिरेज्यू, सुनसरीलाई आगामी कार्यकालका लागि स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक पदमा नियुक्ति गरी यस सातौं वार्षिक साधारण सभाबाट अनुमोदन गर्न सभाका सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्व सम्मतीबाट श्री चन्द्र कुमार घिमिरेज्यूलाई स्वतन्त्र व्यवसायिक संचालक पदमा भएको उक्त मनोनयन, नियुक्तीको निर्णयलाई अनुमोदन सहित पारित गर्‍यो ।*

*उपरोक्तानुसार सभाले स्वतन्त्र व्यवसायिक संचालक समेतको नियुक्तिको अनुमोदन गरेपश्चात आगामी ४ बर्षे कार्यकालका लागि निम्न अनुसारका पदाधिकारी रहेको ६ सदस्यीय सञ्चालक समितिले पूर्णता समेत प्राप्त गरेको व्यहोरा सभाले पारित गर्‍यो ।*

***<u>नव गठित संचालक समितिका पदाधिकारीहरु :</u>***

*(१) श्री गौरव गोयल    संचालक अध्यक्ष*

*(२). श्री रघुनन्दन मारु  सञ्चालक तथा प्रबन्ध निर्देशक*

*(३). श्री रोहित गुप्ता    सञ्चालक सदस्य*

*(४). श्री गौरव शारडा  सञ्चालक सदस्य*

*(५). श्री शैलाजा राई     सञ्चालक सदस्य*

*(६). श्री चन्द्र कुमार घिमिरे  स्वतन्त्र व्यवसायिक सञ्चालक*

***(ख). सञ्चालक समितिका पदाधिकारीहरुलाई देहाय अनुसारको तलव, बैठक भत्ता तथा खर्च र अन्य सुविधा उपलव्ध गराउने प्रस्ताव उपर छलफल गर्दा साविकको बार्षिक साधारण सभाबाट निर्णय पारित भए बमोजिमको कुरालाई समेत ध्यानमा राखी देहाय अनुसार तलव, बैठक भत्ता तथा खर्च र अन्य सुविधा उपलव्ध गराउने निर्णय पारित गर्‍यो ।***

*(१). कम्पनीका सञ्चालक अध्यक्ष र नियमित रुपमा कम्पनीको काम गर्ने प्रबन्ध निर्देशकलाई प्रति व्यक्ति प्रति बर्ष रु. २५,००,०००।- (पच्चिस लाख) (कर बाहेक) ।*

*(२). बैठक भत्ता वापत संचालक अध्यक्षको लागि प्रति बैठक रु. १७,०००। (सत्र हजार) र अन्य संचालकहरुका लागि प्रति बैठक प्रति व्यक्ति रु. १५,०००। (पन्ध्र हजार) ।*

*(३). संचालक समितिद्धारा गठन गरिने लेखापरिक्षण समिति लगायतका उप समितिका संयोजक एवं सदस्यहरुका लागि प्रति बैठक, प्रति व्यक्ति रु. ७,०००। (सात हजार) ।*

*(घ). टेलिफोन मोवाईल खर्च, यातायात तथा भ्रमण खर्च वास्तविक भएको खर्च विल अनुसारको रकम ।*

**१३. स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालकज्यूको मन्तव्य:**

स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक पदमा नियुक्त गर्ने संचालक समितिको निर्णयलाई सभाले अनुमोदन गरी पारित गरिसकेपछि सभामा उपस्थित स्वतन्त्र संचालक श्री चन्द्र कुमार घिमिरेज्यूले उक्त नियुक्तिलाई स्वीकार गर्दै आफ्नो करिव ३१ बर्षे लामो नेपाल सरकार र सो अन्तरगतका विभिन्न निकाय, नियोग तथा मन्त्रालयमा सेवा पुर्याउदा समेत प्राप्त गरेको अनुभवलाई उपयोग गर्न सक्ने गरी यस कम्पनीको स्वतन्त्र संचालकको हैसियतले कार्य गर्ने अवसर प्रदान गर्नु भएकोमा संचालक समिति र यस बार्षिक साधारण सभामा उपस्थित सबै शेयरवालाहरुलाई समेत विशेष धन्यवाद व्यक्त गर्नु भयो ।

**१४ . धन्यवाद तथा आभार ज्ञापन :**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनीका नव निर्वाचित सञ्चालक तथा प्रबन्ध निर्देशक श्री रघुनन्दन मारुज्यूले कम्पनीको संचालक अध्यक्षको जिम्मेवारीमा रहि आजको सभाको सभापतित्व गरिरहनु भएका अध्यक्ष श्री सुरेन्द्र कुमार गोयलज्यूको नेतृत्वमा कम्पनीको स्थापना देखि उद्येश्य अनुसार लक्ष्य प्राप्ती र कम्पनीलाई उच्च स्थानमा पुर्याउन गर्नु भएको महत्वपूर्ण योगदानका लागि नव निर्वाचित संचालक समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्नुका साथै संचालक समितिमा नरहे पनि पूर्व अध्यक्ष एवं शेयरधनीको रुपमा कम्पनीलाई थप उचाईमा पुर्याउन आवश्यक पर्ने राय सुझाव सल्लाहा र मार्ग दर्शन प्राप्त हुने अपेक्षा गर्दै श्री सुरेन्द्र कुमार गोयलज्यू र संचालक समितिबाट कार्यकाल पुरा गरी अलग हुन लाग्न भएका अर्का संचालक श्री अलका गोयलज्यूलाई आभार सहित विशेष धन्यवाद समेत दिनु भयो ।

**१५**.. अन्त्यमा सभाका सभापति श्री सुरेन्द्र कुमार गोयलज्यूले संचालक समितिको १०८ औं बैठकको निर्णय बमोजिम आज बोलाइएको आ. व. २०७८।०७९ को सातौं बार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित गरिएका सबै प्रस्तावहरु पारित गर्न सहयोग पुर्याउनु हुने सबै संचालक, शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिंदै नव निर्वाचित संचालकहरु एवं नव गठित संचालक समितिलाई सफल कार्यकालका लागि हार्दिक बधाईका साथ शुभ कामना व्यक्त गर्दै १७ : १५ बजे सभा विसर्जन गर्नु भयो ।

**प्रमाणित गर्ने:**

| | |
|---|---|
| **कम्पनी सचिव** | **सभाका सभापति, अध्यक्ष** |
| (लेखनाथ अर्याल) | (सुरेन्द्र कुमार गोयल) |

मिति: २०७९।०९।२९ गते ।